# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र

बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ०८ संख्या:०७ मिति:२०८१/०६/२०

भाग २

## बन्दिपुर गाउँपालिका

गाउँ कार्यपालिका कार्यालयको सूचना

## कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

# कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१

प्रस्तावनाः

रेविज रोग मानव ,पशु तथा अन्य स्तानधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो ।पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठूलो समस्याको रूपमा विद्यमान रेविज रोगका कारण पशु पालक कृषकहरूले वर्षेनी आर्थिक क्षती ब्याहोर्दै आएका छन् ।अत कुकुरको बन्ध्याकरण र रेविज खोपको माध्यमबाट रेविज रोग तथा कुकुरको संख्या नियन्त्रण गरी जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुर्याउने उद्देश्य अनुरूप रेविज रोगको जोखिमलाई न्यूनीकरण गर्न सकियोस भन्ने उद्देश्यका साथ नेपाल सरकारको निति तथा कार्यक्रम सहज , सरल, प्रभावकारी , पारदर्शीरूपमा संचालन गर्न कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ बन्दिपुर गाउँपालिकबाट जारी गरिएको छ ।

## परिच्छेद १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८१ रहेको छ ।

(२) यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२.परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(१)" मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्नेछ ।

( २) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्नेछ ।

(३) "कार्यालय" भन्नाले बन्दिपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्नेछ ।

(४) "कार्यविधि" भन्नाले कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ सम्झनु पर्नेछ ।

(५) "गाउँपालिका" भन्नाले बन्दिपुर गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(६) शाखा भन्नाले बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखालाई सम्झनु पर्नेछ ।

३ उद्देश्य

(क) बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाको निति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्ने ।

(ख) कुकुर बन्ध्याकरण तथा रेविज विरूद्ध खोप बन्दिपुर गाउँपालिका र अन्य संघ संस्थाहरूको सहकार्यमा संचालन गर्ने ।

(ग) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण गर्न जनचेतनामूलक सामग्री तयार गरी सुसुचित गर्ने।

(घ) संक्रमित जनावरको टोकाईका कारण रेविज रोगको उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिम न्यूनिकरण गर्न सहयोग पुर्याउने ।

## परिच्छेद २

४. कार्यक्रम संचालन प्रक्रिया

(१) कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम तोकिएको स्थानमा कुकुरको संख्या निर्धारण गरी बन्दिपुर गाउँपालिकाले पशु कल्याणमा संलग्न संघ/संस्था र भेटेरिनरी क्लिनिकसँग सहकार्यमा संचालन गरिने छ ।सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिनेछ ।

(२) यस कार्यक्रममा सामुदायिक तथा घरपालुवा भाले पोथि कुकुरहरूको बन्ध्याकरण गरिने छ ।

(३) रेविज खोप यथासंभव स्वदेशी प्रयोग गरिन्छ ।

(४) बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाले तोकेको कर्मचारीको प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेविज भ्याक्सिनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ ।

(५) रेविज भ्याक्सिनेसन तथा बन्ध्याकरण कार्यक्रम तोकिएको समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(६) रोग सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न सूचना मूलक समाग्री तयार तथा वितरण गर्नुपर्नेछ ।

(७) सम्पन्न कार्यको प्रगति विवरण बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा नियमित अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

(८) संघ/संस्थाहरूको मुल्याङ्कन गर्ने आधार निम्न अनसार हुनेछ ।

(१) संघ/संस्थाहरूको दर्ता र नविकरण (३० अंक)

(२) संस्थाले हालसम्म भाले पोथी कुकुर बन्ध्यकरण गरेको संख्या (४० अंक)

(३) संघ संस्थामा उपलब्ध दर्तावाला पशु चिकित्सकको विवरण (३० अंक)

(१) पशु चिकित्सकको संख्या (१५ अंक)

(२) पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभव (१५ अंक)

जम्मा अंक १००

(९) आवेदक संघ/संस्थाहरूको छनौटको लागी प्राविधिक मुल्याङ्कन समितिको गठन निम्न अनुसार हुनेछ ।

१. बन्दिपुर गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत - संयोजक

२.बन्दिपुर गाउँपालिका आर्थिक विकास समिति संयोजक -सदस्य

३.बन्दिपुर गाउँपालिका पशुसेवा शाखा ,प्रमुख - सदस्य सचिव

आवश्यकता अनुसार २ जना सम्म सदस्य थप गर्न सकिने छ ।

## परिच्छेद ३

**५ कार्यक्रम अनुगमन तथा मुल्याङ्कन** : ( १) यस कार्यक्रमको अनुगमन र मूल्याङ्कन बन्दिपुर गाउँपालिका आर्थिक विकास समिति पशु सेवा शाखा बाट हुनेछ ।

<u>परिच्छेद ४</u>

**६. आर्थिक कार्यविधि :** (१) सहकार्यमा छनौट भएका पशु कल्याणमा संलग्न संघ/ संस्था , स्थानिय निकाय र भेटेरिनरी क्लिनिकलाई बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा बाट प्रति कुकुर रू.**३५००।—** अक्षेरूपि **तिन हजार पाँच सय** का दरले बजेट उपलब्ध गराईने छ । सो रकम बाट कुकुर बन्ध्याकरणका लागी आवश्यक पर्ने औषधी ,सर्जिकल सेवा , रेविज खोप , कुकुरलाई आवश्यक आहारा तथा अन्य व्यावस्थापन सम्बन्धित संघ संस्थाले गर्नु पर्नेछ ।प्रति कुकुर बन्ध्याकरण गर्दा माथि उल्लेखित रू.**३५००।-( तिन हजार पाँच सय**) मा थप आवश्यक पर्ने रकम साँझेदारीले ब्यहोर्नु पर्नेछ ।

(२) कार्यक्रम सम्पन्न भैसकेपछि सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरू लगायत सम्बन्धित सुपरिवेक्षकको प्रतिवेदन समेत बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखामा उपलब्ध गराए पश्चात मात्र मुक्तानी दिइनेछ ।

(३) यस कार्यका लागि तपशिल बमोजिमका कृयाकलापहरूमा निम्नानुसार रकम खर्च गर्न सकिने छ ।

| क्र.स | क्रियाकलाप | लक्ष्य | लागत | जम्मा बजेट |
|---|---|---|---|---|
| १. | कार्य संचालन गर्नको लागी प्रचार प्रसार ,सूचना प्रेषण तुल ब्यानर | १ पटक | ६,०००।- | ६,०००।- |
| २ | कार्यालय समान तथा अन्य लजिस्टिक | १ पटक | ५,०००।- | ५,०००।- |
| ३ | खाना तथा चिया खाजा | १ पटक | ५,०००।- | ५,०००।- |
| ४ | कुकुरलाई बन्ध्याकरण तथा रेविज खोप | १ वटा कुकुर | ३५००।- | ३५००।- |
| | जम्मा | | | |

(क)जुन खर्च शिर्षकमा रकम उपलब्ध भएको छ सोहि शिर्षकमा मात्र खर्च गर्नु पर्नेछ ।

(ख)कार्यक्रम संचालन गर्दा प्रयोगमा आउने सवै विल भरपाईहरूमा प्रचलित आर्थिक ऐन तथा नियमावली बमोजिम सिलसिलेबार नम्बर राखी प्रमाणित भएको हुनु पर्नेछ ।

(ग) माथि उल्लेखित प्रक्रिया अबलम्बन गर्न सम्भव नभएमा आर्थिक विकास समिति मार्फत कार्यपालिकाबाट स्विकृत गरि प्रति कुकुर रू.३५००।- नबढ्ने गरि पशुपन्छी तथा मत्स्य विकास शाखा मार्फत पनि संचालन गर्न सकिने छ ।

## परिच्छेद ५

७. आर्थिक प्रशासन सेवाः कार्यक्रम लेखा परिक्षण २०६५ आर्थिक कार्यविधि ऐन लेखाकन २०६५ आर्थिक कार्यविधि नियमावली २०७७ सार्वजनिक खरिद नियमावाली २०७६ तथा सार्वजनिक खरिद नियमावली २०७६ बमोजिम गरिनेछ ।

८. अनुगमन मूल्याङ्कन तथा प्रतिवेदन सम्बन्धि ब्यावस्थाः यस कार्यक्रमको अनुगमन बन्दिपुर गाउँपालिका पशुपन्छी तथा मत्स्य विकास शाखाले गर्नेछन् र सोको मासिक प्रतिवेदन र प्रगति पशुपन्छी तथा मत्स्य विकास शाखामा पठाउनु पर्नेछ ।

९. थपघट वा हेरफेर गर्न सक्ने

१. यो कार्यविधिको कार्यान्वनलाई थप ब्यावस्थित र प्रभावकारी बनाउन बन्दिपुर गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघाट,हेरफेर तथा खारेज गर्न सक्ने छ ।

२. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

स्वीकृत मितिः२०८१/०६/१८

आज्ञाले
यादवराज आचार्य
प्रमुख प्रशासकिय अधिकृत